**पोखरा उपत्यका साइडसिन घुम्न जाऔं**

**घुमाउने ठाउँहरू**

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा ।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः **मानसरोबर टुर्स एण्ड ट्राभल्स**
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. **१.५** मा
**कलर भिजिटिङ कार्ड**
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ २५ गते शुक्रबार ❑ 7 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## अध्यादेशले जनताको समस्या सम्बोधन गर्न सक्दैन : अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, २४ माघ

प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारले जारी गरेका अध्यादेशमा जनता नभई स्वार्थ समूहको हित हेरिएको आरोप लगाउनुभएको छ। प्रतिनिधिसभाको बिहीबारको बैठकलाई सम्बोधन गर्दै उहाँले अध्यादेशले जनताको समस्यालाई सही ढङ्गले समाधान नगर्ने बताउनुभयो।

"भूमि तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनका संशोधित प्रावधानले वास्तविक भूमिहीन, दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीले जोतभोग गरिरहेको जग्गाको लालपूर्जा पाउन सहज हुन्छ कि झन् कठिन, जटिल र महँगो हुन्छ ?", अध्यक्ष दाहालले प्रश्न गर्नुभयो, "मध्यवर्ती क्षेत्रका जग्गालाई जग्गा उपलब्ध गराउन नसकिने नकरात्मक सूचीमा राखेर लाखौँ भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको भूमि अधिकार कुण्ठित गर्न खोजिएको छ । भूमि ऐनमै मध्यवर्ती क्षेत्र नकारात्मक सूचीमा राखिसकेपछि निकुञ्ज ऐन संशोधनको के औचित्य छ ?" अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा भूमिको वर्गीकरण र मूल्याङ्कनमा रहेको अवैज्ञानिक प्रणाली सच्चाउने, गरिबहरू, ग्रामीण क्षेत्र र कृषिको प्रयोजनमा भएको जग्गाको थोरै शुल्क तिरे हुने र धनी, सहरी क्षेत्रका र आवासको प्रयोजनका लागि दिने जग्गालाई धेरै शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो।

अध्यक्ष दाहालले किसानको आफ्नो स्वामित्वको जग्गाको सानो टुक्रालाई घडेरीको रूपमा बेच्न पाउने अधिकार कुण्ठित गर्दै गरिब जनता र साना 'रियल स्टेट'लाई अप्ठ्यारो पारेर सबै आवास प्रयोजन र घर-घडेरीको जग्गालाई ठूला 'रियल स्टेट' र भूमाफियाहरूको कब्जामा पुऱ्याउने वातावरण तयार गर्न खोजिएको भनी आशंका व्यक्त गर्नुभयो । अध्यक्ष दाहालले भूमिसम्बन्धी समस्या समाधान गर्ने दाबी गरेर अध्यादेश ल्याइए पनि यसले स्वर्गद्वारी गुठीलगायत विषय सम्बोधन गर्न नसकेको उल्लेख गर्नुभयो। कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा संशोधन गरी व्यापारीले वस्तुको व्यापार गर्दा २० प्रतिशत भन्दा बढी मुनाफा लिन नपाउने व्यवस्थालाई खारेज गर्ने प्रावधानप्रति असन्तुष्टि व्यक्त गर्नुभयो । "स्वास्थ्य बिमा ऐन, २०७४ को संशोधन बिमा ऐनको स्वायत्तता विपरित हुने गरी अघि बढाउनुभएको छ। योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ मा विश्वविद्यालयकै ऐतिहासिक मान्यताभन्दा प्रतिकूल ढङगले संशोधन भएको छ, अध्यादेशहरूमा जनता होइन, स्वार्थ समूहहरूको हित हेरिएको छ", उहाँले भन्नुभयो, " यी अध्यादेशहरू विकासका लागि हुन्थे भने संसदीय समितिमा रहेका विधेयकमा खुला छलफलसँग सरकार किन डरायो ? संसद्मा विचाराधीन विधेयक फिर्ता समेत नलिई किन ल्याइयो अध्यादेश ?" अध्यक्ष दाहालले आफ्नो नेतृत्वको सरकारले अघि बढाएको आर्थिक समृद्धि, सुशासन र सामाजिक न्यायसम्बन्धी अभियान किन रोकियो भन्ने प्रश्न गर्नुहुँदै अध्यादेशका बारेमा असहमति जनाउनुभयो।

सहकारीबाट पैसा ल्याउन प्रत्यक्ष कतै नजोडिएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई देशको सबैभन्दा ठूलो सहकारी ठगका रुपमा देशभर दौडाइएको प्रति असन्तुष्टि व्यक्त गर्दै अध्यक्ष दाहालले अदालतले धरौटीमा छाडिसकेपछि संसद्बाट लामिछानेको निलम्बन कति संवैधानिक र न्यायपूर्ण छ ? भनी प्रश्न गर्नुभयो । अध्यक्ष दाहालले दलहरूबीच ऐतिहासिक र युगान्तकारी सहमति मिचेर संविधान संशोधन नगर्न आग्रह गर्नुभयो । "संविधान संशोधन नै गर्ने हो भने महिलालाई ५० प्रतिशत, जनसङ्ख्या र विशेषधिकारका आधारमा दलितलगायतको प्रतिनिधित्व हुने गरी पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जाऔँ। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा जाऔँ ।", उहाँले भन्नुभयो।

## खेलाडीको मनोवल उच्च हुने गरी यस बर्षको बजेट बनाउछौं: मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ



जिल्ला खेलकुद विकास समिति कास्कीले सम्भवत पहिलो पटक पोखरा रंगशालाको आम्दानी र खर्च लगायतको बिषयमा आय व्यय सार्वजनिक गरेको छ।

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापा र पोखराका मेयर धनराज आचार्य, केही खेल संघ तथा केही पत्रकार माझ विहिबार समितिले वार्षिक आर्थिक प्रतिवेदन, समिक्षा एवम् अन्तरक्रिया कार्यक्रम सहित रंगशालाको आय तथा व्यय सार्वजनीक गरेको हो । जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बहादुर बानियाँले आफुहरुको कार्यकाल सकिन लागेकोले हालसम्म संस्थाको कुनै पनि सामानहरु बुझि बुझारक नभएको बताउनु भयो । संस्थामा लागेदेखि व्यक्तिगत रुपमा आफ्नो ३ लाख बढी खर्च भएको व्यक्तिगत कुनै स्वार्थ नलिएको उहाँको दाबी थियो । पोखरा रंगशालामा विभिन्न खेलकुद आयोजना गर्दा केही समय अघि देखि निश्चित शुलक लिने परिपार्टीको सुरुवात गरिएको अध्यक्ष बानियाले जनाउनु भयो । समितिले २०८०/८१ मा विभिन्न शिर्षकमा गरी ३५ लाख २४ हजार ६ सय २५ रुपैया आम्दानी गर्न सफल भएको कोषाध्यक्ष अभिषेश थापाले बताउनु भयो । रंगशालामा रहेका १६ वटा खेल मैदान तथा सभाहल तथा हभर्डहलबाट निश्चित शुल्क लिन थालेको सचिव कन्चन थापाले बताउनु भयो । स्थानीय स्तरको प्रतियोगिताको लागि न्यूनतम ३ हजार देखि अन्तराष्ट्रिय स्तरको प्रतियोगिताको ५५ हजारसम्म प्रतिदिनको भाडा शुल्क निर्धारण गरिएको छ। समितिले एक बर्षमा कर्मचारीलाई तलव, बिद्युत महशुल सहितका विभिन्न शिर्षकमा खर्च गरी ९ लाख ८० हजार ८ सय ५१ रुपैया बचत गर्न सफल भएको उहाँले जनाउनु भयो। त्यसै गरी संस्थाले चालु आर्थिक बर्षको ६ महिनामा १९ लाख ४४ हजार १ सय १० रुपैया आम्दानी गर्न सफल भएको छ भने १५ लाख १८ हजार ७ सय ७१ रुपैया खर्च भई ४ लाख २५ हजार ३ सय ३९ रुपैया बचत भएको समितिका कार्यालय प्रमुख सुन बहादुर लामाले बताउनु भयो।

यसैबिच, कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले आउँदो आर्थिक बर्षको बजेट बनाउदा खेलाडीहरुको मनोवल उच्च हुने गरी बजेट ल्याउने वचन दिनु भएको छ । खेलकुदकर्मी सहित खेल विज्ञहरुको सल्लाह र सुझाव अनुसार प्रदेशका खेलाडी, खेलकुदको विकासको लागि प्रदेश सरकार कटिवद्ध भएको बताउदै उहाँले पोखरालाई खेलकुदको शहर बनाउन सबैको साथ र सहयोग आवश्यक भएको बताउनु भयो। खेलाडी, खेलसंस्था र सर कारबीच सहकार्य अपरिहार्य भएको बताउदै मन्त्री थापाले खेलकुद पूर्वाधारको विस्तार, खेलाडीहरूको क्षमता अभिवृद्धि तथा खेल क्षेत्रको समग्र प्रवर्द्धनलाई सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्नुभयो । खेलकुद केवल व्यक्तिगत उपलब्धिसँग

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बेलायती अधिराजकुमार र अधिराजकुमारी पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

बेलायती अधिराजकुमार एडिनब्राका ड्यूक एड्वर्ड र अधिराजकुमारी डचेस सोफी बिहीबार पोखरा आउनुभएको छ।

नेपाली सेनाको विमानमार्फत आउनुभएका उहाँहरूलाई पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेलगायतले स्वागत गर्नुभएको थियो।



अधिराजकुमार र अधिराजकुमारीको पोखरा भ्रमणले द्विपक्षीय सम्बन्ध सुदृढ गर्नाका साथै पोखराको प्राकृतिक सौन्दर्य, संस्कृति र आतिथ्यलाई अन्तरराष्ट्रिय रूपमा प्रवर्द्धन गर्ने विश्वास लिइएको महानगर प्रमुख आचार्यले बताउनुभयो।

पोखरा भ्रमणका क्रममा उहाँहरूले यहाँका पर्यटकीय गन्तव्यको अवलोकन गर्नुहुने र शुक्रबार पोखराको बगरस्थित ब्रिटिस क्याम्पमा हुने कार्यक्रममा सहभागी हुनुहुने बताइएको छ।

## सुस्तायो 'स्याटेलाइट सिटी'को योजना

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

गण्डकी प्रदेश सरकारले सुरु गरेको 'स्याटेलाइट सिटी'को योजना स्पष्ट नीति र बजेट अभावमा सुस्ताएको छ।

प्रदेशका छ स्थानीय तहमा 'स्याटेलाइट सिटी' बनाउने घोषणा गरेको वर्षौं वितिसक्दा पनि पूर्वाधार निर्माणले गति लिन सकेको छैन। स्रोतसाधनको सीमितताका कारण उक्त योजना कार्यान्वयनमा चुनौती थपिएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ।

"घना बस्ती भएका ठूला सहरको नजिकमा अन्य नयाँ सहर विकास गर्ने अवधारणाअनुसार यो कार्यक्रम ल्याइएको हो", मन्त्रालयको योजना अनुगमन, मूल्याङ्कन तथा अन्य पूर्वाधार महाशाखाका प्रमुख डा महेन्द्र बानियाँले भन्नुभयो, "तर, सोचेजस्तो ढङ्गले स्याटेलाइट सिटीको कार्यक्रमलाई अगाडि बढाउन सकिएको छैन, बजेटको प्राथमिकतामा पनि यो योजना पर्न सकेको छैन।" 'स्याटेलाइट सिटी'का लागि सहरी पूर्वाधार बनाउन ठूलो बजेट चाहिने उहाँले बताउनुभयो।

उक्त कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारको स्पष्ट नीति र योजनाको खाका पनि तयार हुन नसक्दा समस्या भइरहेको महाशाखा प्रमुख डा बानियाँले बताउनुभयो। 'स्याटेलाइट सिटी' कार्यक्रमअन्तर्गत व्यवस्थित सहरी विकासका न्यून मात्र काम भएको उहाँको भनाइ छ। उहाँका अनुसार तनहुँको भिमाद नगरपालिका तथा शुक्लागण्डकी नगरपालिका, लमजुङको मध्यनेपाल नगरपालिका, पर्वतको कुश्मा नगरपालिका, फलेवास नगरपालिका र स्याङ्जाको पुतलीबजार नगरपालिका उक्त कार्यक्रम सञ्चालित छ।

मन्त्रालयको तथ्याङ्कअनुसार हालसम्म तनहुँको भिमादमा दुई सय मिटर सडक ढलान र नाली निर्माण गरिएको । शुक्लागण्डकी-८ मा नगरस्तरीय रङ्गशाला निर्माणका लागि ठेक्का सम्झौता भएको छ। लमजुङको मध्यनेपालमा एक सय ७५ मिटर सडक ढलान र नाली बनेको छ। पर्वतको कुश्मा-९ र १३ मा वडा कार्यालय निर्माण गरिएको छ। फलेवास-२ र ११ मा वडा कार्यालय भवन निर्माणाधीन छ । स्याङ्जाको पुतलीबजार-९ को वडा कार्यालय भवन निर्माण भएको छ। 'स्याटेलाइट सिटी' कार्यक्रममार्फत अन्य सहरी पूर्वाधार बनाउनुपर्नेमा कतिपय स्थानीय तहले वडा कार्यालयका भवन बनाएका छन्। "ठूला सहर र प्रशासनिक मुकामदेखि नजिकका ठाउँमा सहर विकास गर्ने यो कार्यक्रमको लक्ष्य हो, दुई सहरबीचको यातायातको सुविधादेखि अन्य सेवासुविधाको सहज पहुँचका लागि सोहीअनुसार पूर्वाधार विकास गर्नुपर्छ", महाशाखा प्रमुख डा बानियाँले भन्नुभयो, "अध्ययन, पेसा, व्यवसाय गर्ने मानिस पनि मुख्य सहरसम्म दैनिक आउँजाउ गर्न सकुन्, नयाँ र वैकल्पिक सहर बनोस् भन्ने ध्येयले 'स्याटेलाइट सिटी'को अवधारणा अघि सारिएको हो।" उक्त योजनामा आवासीय, व्यापारिक र औद्योगिक क्षेत्रलाई छुट्टाछुट्टै ठाउँमा व्यवस्थित गरिने उल्लेख छ।

'स्याटेलाइट सिटी' घोषणा गरिएको ठाउँमा विद्युत्, सडक, खेलमैदान, उद्यान, सुविधासम्पन्न सभाकक्षलगायत पूर्वाधार बनाउने प्रदेश सरकारको योजना अहिलेसम्म अधुरै छ । व्यवस्थित सडक र भौतिक पूर्वाधार बनाएर आधुनिक सहर बसाउने योजना सुस्ताएपछि स्थानीयले पनि गुनासो गर्न थालेका छन्। प्रदेश सरकारले भने बहुवर्षीय योजना भएकाले बजेट बढाउँदै लगिने जनाएको छ।

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# चर्च ब्वाइज युनाइटेड आहा रारा पोखरा गोल्ड कपको क्वार्टरफाइनलमा प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

सडेन डेथमा न्यूरोड टिम (एनआरटि) लाई पराजित गर्दै चर्च ब्वाइज युनाइटेड पोखरामा जारी २४ औं संस्करणको आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ। पोखरा रंगशालामा बिहिबार भएको खेलमा चर्च ब्वइजले एनआरटीलाई सडन डेथमा ६-५ ले पराजित गरी अन्तिम आठमा स्थान बनाएको हो।

९० मिनेटको निर्धारितमा दुवै टोलीबाट १-१ गोल र ३० मिनेटको अतिरिक्त समयमा गोल रहित बराबरीमा टुंगिए पछि टाईब्रेकरमा पनि दुबै तर्फ ४–४ गोल भए पछि खेल सडन डेथमा पुगेको थियो। चर्च ब्वाइजका गोलरक्षक टिकेन्द्रसिंह थापाको सडेन डेथमा पेनाल्टी सुटमा गोल गर्दा एनआरटिका माइकल मगरले प्रहार गरेको पेनाल्टी



सुटमा गोल गर्न चुक्नुभयो।

पेनाल्टीमा चर्च ब्वाइजका लागि पेनाल्टी सुटमा नवीन लामा, मिलन राई, अकिन्स बाफोर, अबायोमी फकुन्ले, टिकेन्द्रसिंह थापा र प्रशान्त लक्छमले गोल गर्दा सर्ज डिगा र राज भुसालको प्रहारलाई एनआरटीका गोलरक्षक विशाल सुनारले बचाउनु भयो। सकल रेग्मीको प्रहार भने बाहिरिएको थियो। एनआरटीका लागि अञ्जन विष्ट, सुमीत श्रेष्ठ, विशाल सुनार र राजिव लोप्चनले पेनाल्टी सुटमा गोल गर्दा जन्मजय धामी, रिचर्ड विल्सन र माइकल मगरको प्रहारलाई टिकेन्द्रले उत्कृष्ट बचाउँदा एञ्जल महर्जनको प्रहार बाहिरिएको थियो।

खेलको २४ औं मिनेटमा रिचर्ड विल्सनको गोलमार्फत एनआरटीले अग्रता लिए पनि खेलको ६३औं मिनेटमा नवीन लामाले पाएको पेनाल्टीको अवसरलाई सदुपयोग गरी गोल गर्दै चर्च ब्वाइजलाई बराबरीमा पुर्‍याउनु भयो। चर्च ब्वाइजले साबिक विजेता त्रिभुवन आर्मी फुटबल क्लबसंग अब सेमिफाइनलमा भिड्ने भएको छ। यसैबिच, शुक्रबार भारतको थन्डरबोल्ट नर्थ यूनाइटेड र संकटा क्लव बिचको अन्तिम प्रि–क्वाटरफाइनल खेल हुने भएको प्रतियोगिताका संयोजक पूर्णबहादुर गुरुङले जनाउनु भयो।

फागुन ३ गतेसम्म संचालन हुने उक्त प्रतियोगितामा ३ विदेशी सहित १२ टिमको सहभागिता रहेको क्लवका अध्यक्ष केशवराज बरालले बताउनु भयो। 'आत्मा साक्षी राखी मन, वचन र कर्मले सामाजिक सेवा गरौं' भन्ने उद्देश्यका साथ २०५५ सालमा स्थापित सहारा क्लब पोखराले फुटबल मार्फत सामाजिक कार्य गर्दै आएको महासचिव रामजी प्रसाद अधिकारीले बताउनु भयो। प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ रहेको छ।

# गुफा विकास समितिमा महेन्द्र

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

महेन्द्र गुफा चमेरे गुफा पर्यटकीय विकास समितिको संयोजकमा महेन्द्र खड्का चयन भएका छन्।

पोखराको बाटुलेचौरस्थित विन्ध्यवासिनी माविको संरक्षण, व्यवस्थापन एवं स्वामित्वमा संचालित महेन्द्र तथा चमेरे गुफाको वृहत्तर विकास गर्ने हेतुले विद्यालयको मातहतमा रहने गरी गठित समितिमा खड्कालाई संयोजक चयन गरिएको हो।समितिमा निवर्तमान संयोजक ईन्द्र प्रसाद सुवेदी, सदस्यमा भरत वहादुर वस्नेत, प्रेम तिमिल्सीना, ओममाया नेपाली, एकराज नेपाली, विनोद पौडेल, मनकला नेपाली, विजय सापकोटा, पदेन सदस्यमा पुर्व संयोजक गुरुदत्त भट्टराई, गुफा क्षेत्र संरक्षण तथा सामुदायिक विकास संस्था र सदस्य सचिवमा शिशिर पौडेल रहेका छन् ।समितिको सल्लाहकारमा पुर्व संयोजक सुवासवावु अधिकारी, गोविन्द वहादुर वस्नेत , यदुनाथ बञ्जरा, समाजसेवी पुष्पराज अधिकारी, केशव वहादुर वस्नेत र प्राविधीक सल्लाहकारमा ईन्जिनीयर भुवन



वहादुर थापा चयन भएका हुन्।

नवनियुक्त संयोजक खड्कालाई विहीवार महेन्द्र गुफा चमेरे गुफा सचिवालयमा स्वागत समेत गरिएको छ। संयोजक खड्का र विन्ध्यवासिनी माविका अध्यक्ष सन्दीप थापालाई समितिका सल्लाहकार पुष्पराज अधिकारीले खादा लगाएर सम्मान सहित स्वागत गरे। कार्यक्रममा संयोजक खड्काले सवै पक्षको सहकार्यवाट गुफा क्षेत्रको वृहतर विकासमा समिति क्रियाशील रहने वताए। उनले गुफाका कारण यस क्षेत्रको शैक्षिक, भौतिक र पर्यटकीय विकासमा ठुलो सहयोग पुगेको बताउँदै, यसको थप सौन्दर्यकरणमा ध्यान केन्द्रित गर्ने स्पष्ट पारे। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष थापाले गुफा जोगाउन र यसको संरक्षण गर्न सके मात्र यहाँको विकास र पर्यटकीय संभावना बढ्ने बताउँदै, यसको विकासमा कुनै कसर वाँकी नराख्ने जनाए। सहभागी सदस्य एवं सल्लाहकारले विद्यालयसँग समवन्य गर्दै अगाडी बढ्दा विद्यालय र गुफा क्षेत्र दुवैको हित हुनेमा जोड दिए। समितिले दुवै गुफाको प्रचार प्रसारका लागी आवश्यक तयारी गर्न सदस्य एकराज नेपालीलाई जिम्मा दिने निर्णय समेत गरेको छ। सो अवसरमा समितिले परिचयका आधारमा पोखरा १६ का वासिन्दालाई निशुल्क प्रवेशको व्यवस्था गर्ने जनाएको छ।

समितिले आन्तरिक कार्यलाई व्यवस्थित गर्दै थप पर्यटकमैत्री वातावरण निर्माण गर्न आवश्यक योजना निर्माण गर्ने तयारी गरेको जनाईएको छ।

# वडा अध्यक्ष कप फुटवल प्रतियोगिताका सेमिफाइनलका खेल हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

पोखरामा जारी चौथो सस्करणको अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८१ अर्न्तगत शुक्रबार सेमिफाइनलका खेलहरु हुने भएका छन्।

पोखराको ड्याम साइड क्लवको आयोजनामा गण्डकी प्रदेश प्रहरी गण (ड्यामसाइड) को खेल मैदानमा शुक्रबार बिहान ८:३० बजे पहिलो खेल जानकी मावि र एल.पी. देवकोटा स्कुल बिच हुने भएको क्लवका अध्यक्ष रमेश प्रसाद बरालले बताउनु भयो। त्यसै गरी शुक्रबार ढुंगेसाँघु बोर्डिङ स्कुल र हिमालयन बोर्डिङ स्कुल बिच बिहान ९:३० बजे दोश्रो सेमिफाइनलको खेल हुने भएको छ। विहिबारको खेलमा गत बर्षको बिजेता शान्ति निकुन्ज बोर्डिङ स्कुललाई १–० को गोल अन्तरले पराजित गर्दै हिमालयन बोर्डिङ स्कुलले सेमिफाइनलमा यात्रा बनाएको हो। हिमालयको जितमा म्यान



अफ दी म्याच घोषित रितेस आलेले निर्णायक एक गोल गर्नुभयो।

विहिबार भएको दोश्रो खेलमा ढुंगेसाँघु बोर्डिङ स्कुलले फिस्टेल एकेडेमीलाई ३–१ को गोल अन्तरले पराजित गर्‍यो। ढुंगेसाँघुको जितमा अंकित गुरुङ, रोहन राना र म्यान अफ दी म्याच घोषित सुवास वि.के.ले समान एक/एक गोलको योगदान दिदा फिस्टेलका विश्वास रानाभाटले भने शान्त्वना एक गोल गर्नुभयो। अन्तिम क्वाटरफाइनल खेलमा एल.पी. देवकोटाले पोखरा स्पाईरल ग्यालेक्सी एकेडेमीलाई टाईब्रेकरमा ४–३ को गोल अन्तरले पराजित गर्‍यो। निर्धारित समयमैमा दुबै तर्फ २/२ गोल भएको थियो। टाईब्रेकरमा पोखरा स्पाईरल ग्यालेक्सीका पूर्ण बहादुर थापा र लक्ष्य शाहको गोल गर्न चुक्नु भयो। पोखरा स्पाईरलका प्रिजन थापा क्षेत्री, गेजराज कार्की, सुगम क्षेत्रीले टाईब्रेरमा गोल गर्नुभयो।

एल.पी. देवकोटाका सौरभ मगरले टाईब्रेरमा पेनाल्टी सुट मार्फत गोल गर्न चुक्दा अनुप अधिकारी, सोनिल रानामगर, मिलन थारु र सागर मगरले गोल गर्नुभयो। निर्धारित समयमा एल.पी.देवकोटका सौरव मगरले २ गोल गर्नु भयो भने खेलमा म्यान अफ दी म्याचको ट्रफी समेत हात पार्नुभयो। पोखरा स्पाइरलका प्रिजन थापा क्षेत्री र अपिल खाँडले एक/एक गोल गर्नु भएको थियो।

कार्यक्रममा पोखरा १७ का वडा अध्यक्ष राधिका कुमारी शाही, एन्फा कास्कीका अध्यक्ष उज्वल रञ्जित, उपाध्यक्ष नरजंग गुरुङ, पोखरा १७ का वडा सदस्य एवं खेल संयोजक विक्रम गुरुङ, वडा सदस्य तारा सेवा परियार, क्लवका निवर्तमान अध्यक्ष प्रताव गुरुङ लगायतको सहभागिता रहेको प्रतियोगिताका संयोजक विनोद परियारले बताउनु भयो। पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रवर्द्धनमा संचालन भएको प्रतियोगितामा यही माघ २६ गतेसम्म संचालन हुने भएको छ। यसैबिच एन्फा कास्कीले क्लवलाई ३ वटा फुटवल सहयोग हस्तान्तरण गरेको छ।

# अन्नपूर्ण गाउँपालिकामा पशु स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

कास्कीको अन्नपूर्ण गाउँपालिकामा १ दिने निःशुल्क पशु स्वास्थ्य शिविर सम्पन्न भएको छ। अन्नपूर्ण गाउँपालिका ४ सल्यानचौतारीमा बुधबार शिविर आयोजना भएको हो।

अन्नपूर्ण बहुप्राबिधिक शिक्षालयको आयोजना तथा गाउँपालिकाको सहयोगमा शिविर भएको शिक्षालयका प्रमुख बिकल अधिकारीले बताए।

उनले आगामि दिनहरुमा शिक्षालयले किसान लक्षित कार्यक्रम आयोजना गरिने उल्लेख गरे। शिविरमा पशुपक्षिको स्वास्थ्य परिक्षण,औषधि बितरण, गोबर र थुनेलो परिक्षण, रेबिज बिरुद्धको खोप, पशु बन्ध्याकरण लगाएतका सेवा प्रदान गरिएको शिक्षालयका प्रशिक्षक आशिष



अधिकारीले जानकारी दिए।

शिविरबाट १५ सय पशुपंक्षि र २ सय किसान लाभान्बित भएको पशुप्रशिक्षण सहायक प्रेम अधिकारीले बताए। कार्यक्रममा बोल्दै अन्नपुर्ण गाउँपालिकाका अध्यक्ष बिष्णुबहादुर केसीले गाउँपालिकामा आयोजना गरिएको पशु स्वास्थ्य शिविरले किसानलाई सहयोग पुगेको बताए। कार्यक्रममा गाउँपालिका उपाध्यक्ष चन्द्रकला अधिकारी, प्रशिक्षकद्धोय आशिष बस्यौला, पुरुषोत्तम काफ्ले,वडा ४का वडा अध्यक्षय आइन्दल गुरुङ लगाएतले भनाई राखेका थिए।

कार्यक्रममा किसानहरुको लागि काउलि, बन्दा र काक्रोको बेर्ना, बिउ समेत बितरण गरिएको बाली बिज्ञान प्रशिक्षक कैलाश थापाले उल्लेख गरे।

'कृषि पर्यटन उर्जा र पूर्वाधार अन्नपूर्ण समृद्धिको आधार' भन्ने नाराका साथ २०७६ सालमा स्थापना भएको शिक्षालयमा सिटिईभिटिबाट सम्बन्धन प्राप्त गरि कृषि शिक्षा बिषयमा अध्ययन हुदै आएको छ।

## एक-अर्काको ...

सीमित नरही प्रदेशको समृद्धि, पर्यटन प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय पहिचानका लागि पनि महत्वपूर्ण क्षेत्र भएकाले प्रदेश सरकारले लगानी बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। पोखरा रंगशालाको स्वामित्व संघिय सरकार अर्न्तगत संरक्षण गर्न कठिन हुने हुदा यसलाई पालिका वा प्रदेशलाई स्वामित्व दिनुपर्ने मन्त्री थापाले जनाउनु भयो। खेलकुद क्षेत्रलाई राजनीतिककरण नगर्न उहाँले आग्रह गर्नुभयो। करिब ४ सय १५ रोपनी क्षेत्रफलमा रहेको पोखरा रंगशालामा १६ भन्दा बढी खेलकुद प्रतियोगिता गर्न आवश्यक मैदान तथा कोर्ट, कर्भडहल लगायतका संरचना रहेका छन्। कार्यक्रममा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले खेलेर पनि बाच्न सक्ने अवस्था आउन लागेको बताउदै खेलकुदमा राजनीतिक गर्न नहुने बताउनुभयो। महानगरभित्रका खेलकुदकासंरचनाहरुमहानगरलाई वा प्रदेश सरकारले स्वामित्व दिने प्रष्ट रुपमा हस्तान्तरण गनुपर्ने अन्यथा त्यसको संरक्षणमा समस्या आउने उहाँले जनाउनु भयो। पोखरामा भएका हरेक प्रकारका खेलकुद सम्बन्धि कार्यक्रममा महानगरको साथ रहेको उहाँले उल्लेख गर्नु भयो। राष्ट्रिय खेलकुद परिषदका सदस्य डा.मधुशुधन सुवेदीले सबैको अपनत्व हुने गरी खेलकुदका भौतिक संरचनाहरु संरक्षण सहित प्रयोग गर्नुपर्ने बताउनु भयो। प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोजकुमार गुरुङले खेल क्षेत्रमा धेरै विकृति भएकोले व्यबस्थित गर्न आवश्यक भएको बताउनु भयो। राष्ट्रिय तथा अन्त्राष्ट्रिय खेलाडी संघ कस्कीका अध्यक्ष राजन पौडेलले समितिले खेलाडी उत्पादन गर्न, खेलाडी प्रोत्साहन गर्ने कार्यक्रम ल्याउन, खेल प्रशिक्षकको आवश्यक दरवन्दी पुर्ति गर्न भन्दा समिति रंगशालामा पैसा अशुलक तर्फ केन्द्रित हुने गरेको गुनासो गर्नु भयो। समितिमा कति खेल संघहरु अध्यावधिक भएका छनत भन्ने पत्रकारको प्रश्नमा अध्यक्ष बानियाले न्यून सङ्ख्यामा रहेको उल्लेख गर्नु भयो। उक्त कार्यक्रममा खेल क्षेत्रका विभिन्न संघ संस्थाका प्रतिनिधिहरू, खेलाडी, प्रशिक्षक, पत्रकार तथा सरोकारवालाहरूको न्यून उपस्थिति रहेको थियो। सहभागीहरूले खेल क्षेत्रमा देखिएका समस्याको हल गर्न सुझाव दिदै रंगशालामा निर्माण भएका भौतिक संरचनाको उचित ढंगले संरक्षण हुन नसकेको, खेलाडी उत्पादन गर्न खासै ध्यान नपुगेको, खेल संघहरुले समयमै अध्यावधिक नगरेको, खेलकुद क्षेत्रमा धेरै प्रकारको विकृति र विसङ्गती रहेको उल्लेख गर्नु भएको थियो।


**वायु प्रदुषणबाट बचौं र बचाऔं**

- वायु प्रदुषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कँदा मास्कका प्रयोग गरौं,
- सवारी साधनको सकेसम्म कम प्रयोग गरौं,
- रुख विरुवा रोपौं र हरियाली वढाऔं,
- दाउरा र कोइलाको सट्टा नविकरणीय उर्जाको प्रयोग गरौं,
- सडक र निर्माणस्थलवाट निस्कने धुलो व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते



पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन



उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# कार्यान्वयन नहुने बजेट

सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को लक्ष्यको ९०.९९ प्रतिशतमात्र बजेट खर्च हुने नयाँ अनुमान सार्वजनिक गरेको छ । बिहीबार बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन प्रतिनिधिसभामा प्रस्तुत गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेलले करिब पौने दुई खरब घटाएर नयाँ अनुमान सार्वजनिक गरेका छन । यो आव सरकारले १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँ बराबर बजेट कार्यान्वयन गरिरहेको छ । तर, आर्थिक वर्ष अन्त्यसम्म १६ खर्ब ९२ अर्ब ९३ करोड ३५ लाखमात्र खर्च हुने अर्थमन्त्री पौडेलको भनाइ छ । अर्थमन्त्रीका अनुसार चालु खर्च १० खर्ब २९ अर्ब ३० करोड अर्थात् लक्ष्यको ९०.२४ प्रतिशतमात्र हुने अनुमान गरिएको छ ।

बजेट सार्वजनिक गर्दा श्रोत सुनिश्चित नगरी आयोजनामा छुट्याइएको करिब तीन खरब ८५ प्रतिशत घटाइएको छ पूँजीगततर्फ अब ४ खर्ब ९९ अर्ब ५० करोड अर्थात् लक्ष्यको ८५ प्रतिशतमात्र खर्च हुने अनुमान सरकारले गरेको छ । वित्तीय व्यवस्थार्फत ३ खर्ब ६३ अर्ब ९३ करोड खर्च हुने संशोधित अनुमान छ । यो लक्ष्यको ९९.०९ प्रतिशत हो । त्यस्तै राजस्व परिचालन भने १२ खर्ब ८६ अर्ब रुपैयाँमात्र हुने अनुमान सरकारले गरेको छ । सरकारले यसबीच राजस्व र आन्तरिक ऋणबाट १४ खर्ब ७५ अर्ब बराबर स्रोत जुट्ने अनुमान गरेको छ । बाँकी रकम जुटाउन वैदेशिक अनुदान र वैदेशिक ऋणमा भर पर्नुपर्छ । त्यसको अनुमान क्रमशः ३६ अर्ब ६२ करोड र १ खर्ब ८० अर्ब ८३ करोड रुपैयाँ बराबर गरेको छ । बहुवर्षीय तथा अनिवार्य दायित्व बजेटमा समावेश गरेर बाँकी रहने स्रोत मात्र नयाँ आयोजनामा विनियोजन गर्ने, आयोजना बैंकको प्रभावकारी कार्यान्वयन गरी दोहोरोपना हटाई आयोजनहरूलाई अध्ययन गर्ने र कार्यान्वयन गर्ने गरी दुई समूहमा वर्गीकरण गरी व्यवस्थित गर्न आवश्यक भएको , अर्थमन्त्री पौडेलको भनाइ छ । सार्वजनिक ऋण सुरक्षित तहमा भएपनि बढ्दो साँवा ब्याज भुक्तानी खर्च, अन्तर सरकारी वित्त हस्तान्तरणको दायित्व व्यवस्थापन, बढ्दो सामाजिक सुरक्षा दायित्व, विपद् व्यवस्थापन मा हुने थप खर्च लगायतका कारण सरकारको खर्च नियन्त्रण गरी पुँजीगत खर्चको लागि थप स्रोत जुटाउने कार्य चुनौतीपूर्ण बन्दै गएको छ ।

विनियोजित पुँजीगत बजेट खर्च नहुने अवस्था छ भने अर्कोतर्फ बजेटमा अनिवार्य दायित्वको हिस्सा बढ्दै गएको छ । बहुवर्षीय दायित्व भुक्तानी तथा विपद्का कारण थप दायित्व सिर्जना भएकोले समग्र बजेट सन्तुलन कायम गर्न पनि चुनौती रहेको अर्थमन्त्रीले स्वीकारेका छनासरकार अस्थिर हुँदा बजेट कार्यान्वयन नहुने अवस्थामा सुधार आउन सकेको छैन । उनका अनुसार राजस्व परिचालनमा लिइएको क्रियाशीलताबाट गत वर्षको तुलनामा १२.७ प्रतिशतले वृद्धि भएतापनि महत्वकांक्षी लक्ष्य अनुमानले स्रोत व्यवस्थापनको दबाब कायमै छ । लिक भन्दा बाहिर गएकोलाई लिकमा हिडाउन पनि कठोर अनुशासन चाहिन्छ । चुहावट नियन्त्रणमा नीतिगत, प्रणालीगत एवम् कानूनी सुधार, निकायगत समन्वय, सहकार्य एवम् सूचना आदान प्रदानलाई तीव्रता दिइएको छ । आर्थिक वर्षको अन्त्यसम्ममा सरकारले लिएका सुधारका प्रयासबाट राजस्व लक्ष्यको नजिक पुग्ने अपेक्षा गरिएको छ । चालू आर्थिक वर्षको बाँकी अवधिमा आर्थिक गतिविधि विस्तार भई राजस्व सङ्कलनमा सकारात्मक प्रभाव पर्ने, आयोजना एवम् खर्च व्यवस्थापनमा सुधार आई आय-व्ययको समग्र प्रगति वार्षिक लक्ष्यको तुलनामा ९१ प्रतिशत प्रगति हासिल गर्ने गरी संशोधित अनुमान छ ।

बजेट कार्यान्वयनको अर्धवार्षिक प्रगतिको अवस्था, बजेट कार्यान्वयनका क्रममा देखा परेका समस्या, सुधारका प्रयासहरू, प्रदेश तथा स्थानीय तहमा वित्त हस्तान्तरणको स्थिति, आर्थिक वर्षको बाँकी अवधिमा गर्नुपर्ने सुधारका काम र संशोधित अनुमान लगायतका विषयहरू समावेश छन् । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानूनमा भएको व्यवस्था बमोजिम मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गरिएको छ । छिमेकी मुलुकहरूको आर्थिक वृद्धिमा आएको सुस्तता, भू-राजनीतिक तनाव तथा अन्य अन्तर्राष्ट्रिय कारणले मूल्य शृ ला प्रभावित भएको, अपेक्षित रूपमा कर्जा विस्तार हुन नसकेको, निर्माण क्षेत्रमा सुधार आउन नसकेको लगायतका कारणले आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न चुनौती देखिएको छ । सरकारले अवलम्बन गरेका नीतिगत व्यवस्था तथा सुधारका प्रयासका साथै बाह्य क्षेत्रको सन्तुलन, तरलताको पर्याप्तता तथा न्यून ब्याजदरको सुविधाले आर्थिक गतिविधि विस्तार भई यस वर्षको आर्थिक वृद्धिदर लक्ष्यको नजिक हासिल हुनेअर्थमन्त्रीको अपेक्षा छ ।

प्रतिवेदन अनुसार यस अवधिमा समग्र खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १७.६६ प्रतिशतले बढेको छ । यद्यपि, आर्थिक वृद्धिको परिचालकको रूपमा रहेको पुँजीगत खर्च आर्थिक वर्षको मध्यसम्म सुस्त रहने विगतको प्रवृत्तिमा उल्लेख्य सुधार हुन सकेको छैन । पूर्व तयारी सम्पन्न नभएका आयोजना बजेटमा समावेश गर्ने, वन क्षेत्रको उपयोगमा प्रक्रियागत जटिलताले स्वीकृति प्राप्त गर्न समय लाग्ने, खरिद कानूनमा रहेका जटिलता तथा अन्तर निकाय समन्वयमा कमी लगायतका कारणले लक्ष्य अनुरूप पुँजीगत खर्च गर्न सकिएको छैन । पुँजीगत खर्च बढाउन संग्रहित समस्याहरूको प्रणालीगत समाधान खोज्नु आवश्यक रहेको छ 'विकास सहायताको उपयोग क्षमता बढाउन आयोजना व्यवस्थापन क्षमता अभिवृद्धि तथा खरिद कानूनमा सुधार गरी थप स्पष्टता ल्याउनु पर्नेछ । सेवा प्रवाहमा बहुवर्षीय तथा अनिवार्य दायित्व बजेटमा समावेश गरेर बाँकी रहने स्रोत मात्र नयाँ आयोजनामा विनियोजन गर्ने, आयोजना बैंकको प्रभावकारी कार्यान्वयन गरी दोहोरोपना हटाई आयोजनहरूलाई अध्ययन गर्ने र कार्यान्वयन गर्ने गरी दुई समूहमा वर्गीकरण गरी व्यवहारिक भोगाइ लिने वातावरण बनाउन जरुरी छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : आर्थिक समस्या |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# निमित्त प्रमुखको भरमा सरकारी कार्यालय

पोखरापत्र संवाददाता
लमजुङ, २४ माघ

यहाँका आधादर्जन भन्दा बढी सरकारी कार्यालय निमित्त प्रमुखको भरमा सञ्चालन हुँदै आएका छन् । दरबन्दी अनुसार कार्यालय प्रमुख नहुँदा निमित्त प्रमुखको भरमा जिल्लाका सरकारी कार्यालय सञ्चालन हुँदै आएका हुन् ।

लामो समयदेखि जिल्ला कारागार, मालपोत, हुलाक, जिल्ला निर्वाचन कार्यालय, पूर्वाधार विकास कार्यालय, जलस्रोत तथा डिभिजन कार्यालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अलैँची जोन कार्यालय निमित्त प्रमुखको भरमा सञ्चालित छन् । ती कार्यालयमा यहाँ चार वर्षदेखि निमित्त प्रमुखले जिम्मेवारी सम्हाल्दै आएका छन् ।

सरकारले दरबन्दी अनुसारका कर्मचारी पुऱ्याउन नसक्दा कार्यालय प्रमुख पद रिक्त हुँदै आएको स्थानीय बताउँछन् । दरबन्दी अनुसार सम्बन्धित कार्यालयमा कार्यालय प्रमुख पद खाली हुँदा कार्यसम्पादन र सेवा प्रवाहमा समस्या भइरहेको सेवाग्राही सुजन श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "कार्यालय प्रमुख बिना प्रभावकारी र सहज रूपमा सेवा प्रवाह हुन नसक्दा सेवाग्राही मर्कामा परेका छन् । कर्मचारी कम हुँदा कामको चाप पनि बढी हुन्छ ।" सहायक प्रमुख जिल्ला अधिकारी थम्मनसिंह गौतमका अनुसार जिल्ला मालपोत कार्यालयमा पूर्णबहादुर गुरुङ, जिल्ला हुलाक कार्यालयमा निर्मलादेवी शर्मा, प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनामा हरिबहादुर मिजार, जिल्ला कारागारमा राधिका रेग्मी, जिल्ला निर्वाचन कार्यालयमा विजय विक, जलस्रोत तथा डिभिजन सिँचाइ डिभिजनमा विष्णुहरि अधिकारी, पूर्वाधार विकास कार्यालयमा विवेक सिग्देल र भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रमा सुनिल न्यौपाने निमित्त प्रमुखले प्रमुखको जिम्मेवारी सम्हाल्दै आउनुभएको छ ।

स्वीकृत दरबन्दी संरचना अनुसार जनशक्ति पदपूर्ति हुन नसक्दा दरबन्दीभन्दा तल्लो तहका कर्मचारीलाई निमित्त प्रमुख बनाउनुपर्ने बाध्यता रहेको सहायकप्रमुखजिल्ला अधिकारी गौतमको भनाइ छ । सामान्यतया स्वीकृत दरबन्दी अनुसारको जनशक्ति आवश्यक हुने भन्दै उहाँले भन्नुभयो, "दरबन्दी अनुसारको प्रमुख वा जनशक्ति भएमा दैनिक सेवा प्रवाहमा सहजता ल्याउँछ ।"

निमित्त प्रमुखको भरमा कार्यालय सञ्चालन हुँदा प्रमुख भएको जस्तो प्रभावकारी नहुने र यसले जिल्लाको विकासमा पनि असर गर्ने सहायक प्रमुख गौतमले बताउनुभयो । मालपोत कार्यालकानिमित्तप्रमुख पूर्णबहादुर गुरुङले कार्यालय प्रमुख नहुँदा कार्यालयबाट गर्नुपर्ने काम, नामसारी, घरजग्गा संशोधन,आर्थिककारोबारलगायत काम रोकिएको र सामान्य काम मात्र भइरहेको बताउनुभयो । टाढाटाढाबाट आउने आएका सेवाग्राही समस्यामा पर्दै आएका उहाँको भनाइ छ ।

# एचपिभी खोपबाट वञ्चित हुन नदिन सबैको सहयोग आवश्यक : स्वास्थ्यमन्त्री पौडेल

रासस
काठमाडौँ, २४ माघ

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले एचपिभी खोप अभियानबाट कुनै पनि किशोरीलाई वञ्चित हुन नदिन सबैको सहयोग आवश्यक रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा बोल्दै उहाँले क्यान्सरको रोकथाम र प्रारम्भिक पहिचान गर्ने सरकारको लक्ष्य रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्याका रूपमा नरहने अवस्थामा पुऱ्याउने रणनीति लिएका छौँ । सन् २०३० सम्ममा १० देखि १४ वर्षसम्मका ९० प्रतिशतलाई खोप दिने, ३० वर्षमाथिका ९० प्रतिशतलाई पाठेघरको मुखको क्यान्सर परीक्षण गर्ने र पाठेघरको मुखको क्यान्सर पहिचान भएका ९० प्रतिशतको उपचार गर्ने लक्ष्य छ ।"

क्यान्सरबाट उत्पन्न हुने भार र मृत्युदर घटाउँदै क्यान्सरका बिरामीहरूको जीवनस्तरमा सुधार ल्याउने दुरदृष्टि सरकारको रहेको बताउँदै मन्त्री पौडेलले भन्नुभयो, "नेपालको कुल मृत्युको ११ प्रतिशत हिस्सा क्यान्सरले लिएको छ । फागुन महिनालाई नसर्ने रोगको 'स्क्रिनिङ' महिनाको घोषणा गरी पाँच लाखको परीक्षण गर्ने व्यवस्था मिलाएका छौँ ।"

यही माघ २२ गतेदेखि सुरु भएको खोप अभियानमा हालसम्म खोपको कभरेज २७.६८ प्रतिशत रहेको बताउँदै हालसम्म चार लाख ६४ हजार ६२ जनाले खोप लगाइसकेको उहाँले जानकारी दिनुभयो ।

सांसद सुमना श्रेष्ठले पछि पनि खोप लगाउनलाई बजेट सुनिश्चित छ कि छैन भनी प्रश्न गर्नुभयो । सांसद प्रेम सुवालले स्वास्थ्य बीमाको रकम नपाएको भन्दै अस्पतालले उपचार नगर्दा समस्या भएको बताउनुभयो । सांसद लेखनाथ दाहालले गम्भीर प्रकृतिका रोग सस्तो भए पनि उपचार महँगो भएको बताउनुहुँदै सरकारी अस्पताल पहुँचवालाको बन्दै गएकामा जनताको बनाउन माग गर्नुभयो । सांसद तोसिमा कार्कीले आवासीय चिकित्सकका समस्या समाधान गर्न माग गर्नुभयो । सांसद हितराज पाण्डे, विनीता कठायत, सीताकुमारी राना, रोशन कार्की, छिरिङ लामा, रामहरि खतिवडा, प्रेमबहादुर महर्जनले मन्त्री पौडेललाई स्वास्थ्यका विविध विषयमा प्रश्न राख्नुभयो ।

# केराका बोट सुक्न थालेपछि स्याग्दीका किसान चिन्तित

पोखरापत्र संवाददाता
म्याग्दी, २४ माघ

रोगले केराको बोट सुक्न थालेपछि म्याग्दीमा केराखेती गरिरहेका किसान चिन्तित भएका छन् । जिल्लाको बेनी नगरपालिका, रघुगङ्गा गाउँपालिका र मङ्गला गाउँपालिकाका विभिन्न गाउँका केराबारीमा रोग लागेको हो ।

पसाउने बेलाको हजारी केरा बोट नै सुक्न थालेका मङ्गला गाउँपालिका-३ का किसान टेकबहादुर खड्काले भन्नुभयो, "के भएर यस्तो भएको हो पत्ता लाउनै सकिएको छैन, खडेरीले खाएको जस्तो बोट सुकेका छन्, गुबो झरेको छ,कोसा पसाएको छैन ।" उहाँले चार रोपनीमा केराखेती गर्नुभएको छ । त्यसैगरी, विगत पाँच वर्षदेखि केराखेती गर्दै आउनुभएकाबेनीनगरपालिका-२ बगरफाँटका खिमबहादुर कार्कीले पनि केरामा नयाँ किसिमको रोग देखिएको बताउनुभयो । "छ वर्षदेखि केराखेती गरिरहेका छु, अहिलेको जस्तो बोट नै सुकेको मैले देखेको थिइन", उहाँले भन्नुभयो । कृषि प्राविधिकहरूले पनि रोग पहिचान गर्न नसकेको उहाँले बताउनुभयो । जिल्लाका खबरा, बगरफाँट, राखु, अर्मन, पीपलबोटलगायतका ठाउँका कृषकले केरा खेतीबाट राम्रो आम्दानी गर्दै आएकोमा अहिले केराको बोटै सुक्ने रोग देखिएपछि आम्दानी घट्ने भएको छ ।



विगत १४ वर्षदेखि केराखेती गर्दैआउनुभएकाबेनीनगरपालिका-२ खबराका चन्द्रबहादुर कार्कीले केराखेतीमा उत्पन्न समस्याले यो वर्ष आफ्नो घरव्यवहार चलाउन अति कठिन हुने दुखेसो गर्नुभयो ।

# विद्यार्थीले बनाए डढेलोदेखि चालक निदायको बेला गाडी नियन्त्रण गर्ने नमूना प्रविधि

रासस
काठमाडौँ, २४ माघ

माध्यमिक तहमा अध्ययनरत विद्यार्थीले जङ्गलमा आगलागी हुँदा नजिकका घरमा आगलागी फैलन नदिन 'फायर प्रोटेक्ट' नमूना घर तथा नियन्त्रण प्रणालीको नमूना प्रविधि प्रस्तुत गरेका छन् ।

जङ्गलमा आगलागीका बेला त्यससम्बन्धी सूचना स्वचालित रूपमा मोबाइलमा 'एसएमएस' आउने प्रविधिबारे आफ्नो दृष्टिकोण प्रस्तुत गरेका नयाँबजारस्थित ह्वाइटफिल्ड विद्यालयमा कक्षा ९ मा अध्ययनरत छात्रा अनसुया शाहीले बताइन् । यस्तो प्रस्तुति गरेर उनको समूहले नगद रु २५ हजार र ट्रफी प्राप्त गरेको छ । सामाखुसीस्थित रेडन कलेजले आयोजना गरेको विद्यालयस्तरीय 'रेडन साइन्स तथा रोबो एक्स्पो'मा उक्त विद्यालयका विद्यार्थीले यस्तो प्रस्तुति गरेका हुन् । मङ्गलबार र बुधबार रेडन कलेज परिसरमा भएको एक्स्पोमा कक्षा ५-१० मा अध्ययनरत विद्यार्थीले बनाएका नमूना प्रतिष्पर्धाका लागि प्रस्तुत गरिएका थिए ।

यस्तै, कक्षा ५-७ तर्फ आयोजक रेडन स्कूल विजयी भएको छ । कक्षा ६ मा अध्ययनरत छात्रा प्रिन्सा पाण्डेले आफूहरूले हाइड्रो इलेक्ट्रिसिटीको उच्चतम प्रयोग र पानीलाई लिफ्ट गर्ने प्रविधि विकास गरी कसरी उचाइमा रहेका खेतमा पानी लैजान सकिन्छ भन्ने नमूना प्रदर्शन गरेको बताउनुभयो । यो समूहले नगद रु १५ हजार र ट्रफी हात पारेको छ । कक्षा ८-१० समूहतर्फ भने 'स्टे अलर्ट एसिस्ट्यान्स सिस्टम' नमूना प्रोजेक्ट बनाएका पिपुल्स फ्रेण्डशीप एकेडेमीका विद्यार्थीको समूह विजेता भएको छ । यो समूहले चालकले लगाउने चस्मा बनाएका हुन् । जसमा चालक निदाएमा गाडीको नियन्त्रण त्यसमा जडान गरिएको प्रविधिले गर्ने कक्षा ९ मा अध्ययनरत सच्चित गुप्ताले बताउनुभयो । यो समूहले नगद रु १५ हजार र ट्रफी हात पारेको छ । यस्तै, 'रोब सकर' प्रतिष्पर्धामा सम्वृद्धि विद्यालयको विद्यार्थी समूह र रोबो रेसमा रेडन स्कूल विजयी भएका थिए ।

# पोखरा २२ को प्रगतिशिल टोल विकास संस्थाको वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, २४ माघ

पोखरा महानगरपालिका वडा नम्बर २२ (पुम्दी–भुम्दी) स्थित प्रगतिशिल टोल विकास संस्थाको ९ औं वार्षिक साधारण सभा हालै सम्पन्न भएको छ ।

उक्त कार्यक्रमको उद्घाटन गर्दै पोखरा २२ का वडा अध्यक्ष हिमलाल बरालले वडाको समृद्धिको लागि टोल विकास संस्थाहरु सक्रिय रुपमा काम गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा विषेश अतिथि वडा सदस्य कृष्ण कुमारी देवकोटा, समाजसेवी केशव पौडेल, दुर्गा बराल र विभिन्न सामाजिक संघसंस्थाका अध्यक्ष तथा प्रतिनीधिहरुको उपस्थिती रहेको थियो । संस्थापक अध्यक्ष नर बहादुर खडका, जेष्ठ सदस्य रेवती बराल, तिल बहादुर आर्याय, सदस्य लिला बिकलाई कार्यक्रममा दोसला सहित सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष हेमराज बरालको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

# मनाइयो १२३औँ बालकृष्ण सम जन्मजयन्ती

रासस
काठमाडौँ, २४ माघ

नाट्यसम्राट बालकृष्ण समको १२३औँ जन्मजयन्ती मनाएको छ । नेपाल शिक्षा परिषद् काठमाडौँ र काठमाडौँ महानगरपालिका-१ ले संयुक्त रूपमा कार्यक्रम आयोजना गरी जन्मजयन्ती मनाएको हो ।

यसक्रममा कमलपोखरी परिसरमा रहेको समको मूर्तिमा साहित्यकार, साहित्य अनुरागी तथा विद्यार्थीले माल्यार्पण गर्दै श्रद्धासुमन प्रकट गर्नुभयो । साहित्यकार पिताम्बर दाहालले समलाई कोहीसँग पनि तुलना गर्न नसकिने बताउनुभयो । उहाँले भन्नुभयो,"नेपालीभाषी उहाँप्रति सधैँ आभारी हुनुपर्छ । उहाँको कृति स्पष्ट बुझिने, शब्दरूपी गहना, माधुर्य भरिएको हुन्छ । शब्द छानेर राख्न सक्ने सामर्थ्य, गाम्भीर्यता, मधुरता, स्पष्टता सम र बिपीमा मात्र पाइन्छ । उहाँ जस्ता विभूतिबारे सबै जानकार हुनुपर्छ ।" कवि प्रह्लाद पोखरेलले समको सम्झना र सम्मानमा शिक्षा परिषद्ले लामो समयदेखि जन्मजयन्ती मनाउँदै आएको बताउनुभयो । उहाँले पूर्वीय र पाश्चात्य दर्शनका विद्वान, बहुआयामिक व्यक्तित्व समको सम्मानमा हरेक वर्ष कार्यक्रम गर्दै आइएको जानकारी दिनुभयो ।

सोही अवसरमा नाट्यसम्राट सम केन्द्रित कविता प्रतियोगिता आयोजना गरिएको थियो । यसमा आर्या अवस्थी प्रथम, निमा लामा द्वितीय, अजर रेग्मी तृतीय र सन्तोषकुमार मण्डलले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २२ कालीमाटी शान्तिस्तुपा टोल स्थित भित्री बाटो सोलिड ढलान निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धि सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नाम : कठेउरी फुलचुसे मोटर बाटो
उपभोक्ता समितिको नामः कठेउरी फुलचुसे मोटर बाटो निर्माण समिति, योजना सम्झौता मिति : २०८१/०८/११
योजना सुरु मिति : २०८१/०८/१२
योजना सम्पन्न मिति : २०८१/१०/१०
प्राविधिक अनुसार बाटोको लम्बाई : १४२.६ मि.
महानगरपालिका बाट प्राप्त : ५,००,०००/-
जनसहभागीता : ८८,३०३/९३
योजनाको कुल लागत : ५,८८,३०३/९३

उपभोक्ता समिति
अध्यक्ष : ऋषिराम बराल
उपाध्यक्ष : सुनिता शर्मा बराल
सचिव: पितम देवकोटा
कोषाध्यक्ष : कोपिला बराल
सदस्यहरुः गुरुप्रसाद बराल, दिपक ढकाल र निर्मला कुमारी शर्मा

अनुगमन समिति :
संयोजक : कृष्ण कुमारी पौडेल देवकोटा
सदस्य : सुदिप विक
सदस्य : हुमनाथ देवकोटा

# झाडी फाडेर सुन्तला बगान

रासस
म्याग्दी, २४ माघ

कोरोना महामारी फैलिएपछि विसं २०७६ चैतदेखि भएको लकडाउन (बन्दाबन्दी)का समयमा घुम्दै म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्ले पुगेका बेनीका व्यवसायी विकास श्रेष्ठलाई त्यही जग्गा किनेर घर र बगैचा बनाउने सोच आयो ।



बेनीमा पोल्ट्रि र घरजग्गा ब्यवसाय गर्दै आएका विकासले सोखका लागि गाउँमा घर बनाएर बस्नका लागि किनेको दोसल्ले गाउँको शिरमा रहेको जङ्गलछेउको भिरालो पाखोबारी अहिले हराभरा भएको छ। "बुढेशकालमा शान्त वातावरणमा बस्नका लागि भनेर दोसल्लेमा जग्गा किनेको थिए," उहाँले भन्नुभयो "काम गर्दा गर्दै सुन्तला बगैचा पो भयो ।" रोजगारीका लागि पोर्चुगलमा रहेका जग्गाधनीका परिवार र आफन्त पोखरामा बसाईसराई गरेपछि विकासले किनेको जग्गामा रहेको सुन्तला बगैचाले स्याहार पाउन छाडेको थियो । पाखोबारी झाडीमा परिणत भएको थियो ।

श्रेष्ठले सञ्चालन गरेको अन्नपूर्ण फलफुल, तरकारी तथा कृषि फार्ममा पुराना एक सय ५० बोट सुन्तलाले मलजल, स्याहार सुसार पाएपछि उत्पादन दिन थालेका छन् । थप सात बिरुवा बगानमा हुर्किरहेका छन् ।

पाखोबारीलाई घेराबार गर्ने, गह्रा बनाउने, खाडल खनेर सुन्तलाका बिरुवा लगाउने, गोडमेल, मलजल गर्न, संरचना बनाउन र जग्गा खरिद सहित फार्ममा रु. तीन करोड ५० लाख लगानी भएको श्रेष्ठले बताउनुभयो । "यसपाली रु. १५ लाखको सुन्तला बिक्री भयो," उहाँले भन्नुभयो "कृषिबाट यति राम्रो कमाई होला भनेर सोचेको थिइनृ, गर्न सकेमा हुदो रहेछ भन्ने मैले महशुस र अनुभव गरे । थप चार रोपनीको बगैचा किनेर फार्म विस्तार गरेको छु ।" दिवंगत हजुरबुवा सुर्यनारायण श्रेष्ठको जिवनबाट प्रभावित भएर कृषि ब्यवसायमा जोडिएको विकासले बताउनुभयो । उहाँको फार्ममा तीन जनाले नियमित रोजगारी पाएका छन् । सुन्तलाखेतीसँगै उक्त फार्ममा लोकल र ब्रोइलर जातका कुखुरा पनि पालिएको छ । सुन्तलाका लागि कुखुराको सुलीको मल उपयोगी हुने श्रेष्ठको अनुभव छ। कृषि फार्मका लागि सरकारी निकायबाट हालसम्म अनुदान नलिएको श्रेष्ठले बताउनुभयो । काठमाडौको बल्खुका ब्यापार ीसँग सिधै सम्पर्क गरेर सुन्तला पठाउन थालेपछि उचित मूल्य पाएको र बजार सुनिश्चित भएको उहाँले बताउनुभयो ।

घरजग्गा ब्यापार छाडेर कृषि ब्यवसायमा लागेका श्रेष्ठले बेनीमा दाना र चल्लाको ब्यापार गर्ने जलेश्वर पोल्ट्रि फर्म सञ्चालनको जिम्मा छोरा आदेशलाई जिम्मा लगाउनुभएको छ । अवसर, सुविधा र रोजगारीका लागि विदेश र सहर पस्ने क्रम बढीरहेको अवस्थामा बजारबाट गाउँ गएर कृषि ब्यवसाय गरेका श्रेष्ठ कृषकहरुका लागि उदाहरणको पात्र बन्नुभएको छ ।

दोसल्लेका अगुवा कृषक खगबिर पाईजाले बेनीबाट आएर श्रेष्ठले सुन्तलाखेती शुरु गरेपछि गाउँ छाडेर गएकाहरु फर्किएर सुन्तला खेती गर्न थालेका बताउनुभयो। "उहाँ (विकास)ले बाँझीएको जग्गालाई सदुपयोग मात्र गर्नुभएको छैन," पाइजाले भन्नुभयो "गाउँमा सुन्तला खेतीका लागि नयाँ प्रबिधि भित्र्याउनुभएको छ । उहाँको सिको गरेर बजार झरेकाहरु गाउँ फर्किएर सुन्तला खेती गरेका छन् ।" सुन्तला खेतीका लागि जग्गा किन्न आउनेहरु बढेका र खेतबारीको भाउ पनि बढेको पाइजाले बताउनुभयो । विकासको सुन्तला बगैचा अवलोकनका लागि बेनी र आसपासका ठाउँबाट कृषक तथा ब्यवसायीहरु आउने गरेका छन्। उक्त बगैचाबाट पृष्ठभूमिमा निलगिरि र धौलागिरि हिमाल देखिन्छ। बगैचाको बिच भागमा पाहुना र आफु बस्नका लागि घर बनाएका श्रेष्ठको फार्मलाई कृषि पर्यटनसँग जोड्ने योजना छ।

समुन्द्रि सतहदेखि एक हजार पाँच सय मिटरको उचाईमा रहेको दोसल्लेका कृषकले सुन्तला खेतीलाई मुख्य आयस्रोत बनाएका छन् । यहाँ रहेका ४२ घरपरिवार सबैले सुन्तला खेती गरेका दोसल्ले सुन्तलाजात कृषक समूहका अध्यक्ष प्रेम पाइजाले बताउनुभयो । गत वर्ष रु. ८० लाखको सुन्तला बिक्री भएको दोसल्लेबाट यसपाली रु. एक करोड ८० लाख मूल्य बराबरको सुन्तला फलेको उहाँले बताउनुभयो ।

# म्याग्दे गाउँपालिकामा मजदुर सञ्चित कोष कार्यान्वयन

पोखरापत्र संवाददाता
तनहुँ, २४ माघ

तनहुँको म्याग्दे गाउँपालिकामा मजदुर सञ्चित कोष कार्यान्वयनको तयारी गरिएको छ। जीवनभर अर्काका लागि श्रम गर्ने तर अप्ठ्यारो परेका बेला कोही नहुने तथा आर्थिक अवस्था कमजोर हुने विपन्न मजदुर वर्गलाई लक्षित गरी गाउँपालिकाले मजदुर सञ्चित कोष कार्यान्वयन गर्ने भएको हो ।

दैनिक ८०० देखि एक हजार ५०० सम्म आम्दानी गर्ने भए पनि न्यून बचतका कारण सङ्कटको अवस्था सामाना गर्न असहज हुने तथा शिक्षा, स्वास्थ्य, आवास लगायतका मानवीय एवं सामाजिक विकासको अवस्था कमजोर भएका मजदुर वर्गका लागि यो 'म्याग्दे गाउँपालिकाको मजदुर सञ्चितकोष सञ्चालन कार्यविधि २०८१' कोषको स्थापना गरिएको प्रमुख प्रशासकीय अधिकृत नारायण अधिकारीले जानकारी दिनुभयो । आर्थिक अवस्था कमजोर हुने मजदुर वर्गलाई लक्ष्य गरी गाउँपालिकाले मजदुर सञ्चित कोष कार्यान्वयनमा ल्याएको उहाँले बताउनुभयो । उक्त कोष कार्यान्वयनमा ल्याउने म्याग्दे गण्डकी प्रदेशको दोस्रो र तनहुँको पहिलो स्थानीय तह हो । यस अघि स्याङ्जाको फेदीखोला गाउँपालिकाले उक्त कोष कार्यान्वयनमा ल्याएको थियो ।

पालिकाको मजदुर सञ्चितकोष सञ्चालन कार्यविधि बमोजिम पालिकाभित्रका १८ देखि ५९ वर्षका दैनिक ज्यालादारीमा काम गर्ने विपन्न मजदुरलाई लक्ष्य गरी कोष स्थापना गरिएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो ।

अध्यक्ष श्रेष्ठका अनुसार गाउँपालिकाले आफ्नै घर भए/नभएको, परिवारमा रोजगार छ/छैन आश्रित परिवारको सङ्ख्या लगायतलाई मजदुर छनोटका आधार तयार पारेको छ । कोषमा सूचीकृत हुन चाहनेले नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजका दुई प्रति फोटोसहित सम्बन्धित वडा कार्यालयहरुमा यही माघ २८ गतेभित्र निवेदन दिन अनुरोध गाउँपालिकाले अनुरोध गरेको छ ।

सूचीमा सूचीकृत मजदुरमात्र उक्त सञ्चय कोषमा आबद्ध हुन पाउने छन् । सूचीकृत मजदुरले सार्वजनिक विकास निर्माणका काममा संलग्न हुँदा प्राप्त गर्ने ज्याला रकम मजदुरले अनिवार्य रुपमा बैंङ्किङ प्रणालीबाट भुक्तानी प्राप्त गर्नेछन्। भुक्तानीको क्रममा रकम ज्यालाबाट १५ प्रतिशत कट्टा गरेपश्चात् पालिकाका तर्फबाट १५ प्रतिशत रकम चौमासिक रुपमा मजदुरको बैंक खातामा बचत गर्ने व्यवस्था छ । मजदुरले पालिकाबाट थप हुने १५ प्रतिशत रकमबाहेक स्वास्थ्य बिमा लगायतका अन्य सुविधासमेत पाउने व्यवस्था गरिएको छ। दैनिक ज्यालादारीमा काम गर्ने मजदुरको सम्पूर्ण आम्दानी दैनिक घरखर्चमा

भएको अवस्थासँगै मजदुरको बचत गर्ने बानीको विकास गर्न तथा श्रमिक वर्गलाई सामाजिक सुरक्षाको प्रत्याभूति गराउन उक्त कोष कार्यान्वयनमा ल्याएको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

श्रमिकको सम्भावित आर्थिक सङ्कटको जोखिम कम गर्दै मजदुरका परिवारको शिक्षा, स्वास्थ्य, आवास, पोषण, मर्यादित रोजगारी, सम्मानपूर्वक जीवनयापन, बचतको परिचालन, श्रमको सम्मान, उत्पादकत्व अभिवृद्धि, सामाजिक आर्थिक विभेद अन्त्य गरि विकास निर्माणमा स्थानीय मजदुरलाई प्राथमिकता दिने उद्देश्यका साथ उक्त कोष कार्यान्वयन गर्न लागिएको जनाइएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १६ तुम्केमा नमुना खेल मैदान निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः नमुना खेल मैदान निर्माण योजना
ठेगानाः पोखरा-१६, तुम्के
योजना सम्झौता मितिः २०८१/०८/२५ गते
योजना शुरु हुने मितिः २०८१/०८/२८ गते
योजना सम्पन्न हुने मितिः २०८१/१२/२० गते
योजना सम्पन्न भएको मितिः २०८१/१०/२३ गते
योजनाको कुल लागतः रु. ५,८८,६०८।४१
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु.८८,६०८।४१
अध्यक्षः मिन बहादुर गुरुङ सम्पर्क नं.: ९८१४१११६४५
उपाध्यक्षः वेग बहादुर थापा सचिवः मन बहादुर गुरुङ

**नमुना खेल मैदान निर्माण योजना उपभोक्ता समिति**
**पोखरा-१६, तुम्के**


# सहकारी ठगी प्रकरण : लामिछानेलाई ५४ लाख धरौटी माग

पोखरापत्र संवाददाता
चितवन, २४ माघ

जिल्ला अदालत चितवनले साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको रकम हिनामिना गरेको अभियोगमा पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेको मुद्दामा रु ५४ लाख धरौटी माग गर्ने आदेश गरेको छ।

जिल्ला न्यायाधिश दयाराम ढकालको इजलासले प्रतिवादी लामिछानेलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ अनुसार सो रकम बराबरको धरौटी माग गर्ने आदेश गरेको हो । आदेशमा भनिएको छ, "माग भएको धरौटी वा जमानत वा बैंक जमानत दिए निज प्रतिवादीलाई तारेखमा राख्नु। सो दिन नसके कानून बमोजिम थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइदिनु ।" त्यसैगरी आदेशमा प्रतिवादी रवि लामिछानेले अदालतमा बयान गर्दा आफू गोर्खा मिडिया नेटवर्कको प्रबन्ध निर्देशक रहेको, सो कम्पनीमा आफ्नो शेयर रहेको विषयलाई अन्यथा नभनेको, निजले प्रबन्ध निर्देशकको हैसियतबाट चेकमा हस्ताक्षर गरेको भन्ने तथ्यलाई स्वीकार गरेको उल्लेख छ । दुई दिनसम्म चलेको थुनछेक बहसपछि आज आदेश भएको हो । सरकारका तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ताहरू रवि न्यौपाने, शम्भुकुमार बस्नेत, दशरथ पङ्गेनी, भोलानाथ निरौला, सहायक जिल्ला न्यायाधिवक्ताहरू बुद्धबहादुर थापा र अमृत सुवेदीले बहस गर्नुभएको थियो । त्यसैगरी जाहेरवालाहरूका तर्फबाट वरिष्ठ अधिवक्ताहरू डा सुरेन्द्र भण्डारी, दिनेश त्रिपाठी र राजकुमार श्रेष्ठ, अधिवक्ताहरू गोपीलाल देवकोटा, रमेश काफ्ले, रामचन्द्र गौतम र सुनिता अधिकारीले बहस गर्नुभएको थियो ।

प्रतिवादी लामिछानेका तर्फबाट वरिष्ठ अधिवक्ताहरू सुशीलकुमार पन्त, जगन्नाथ पौडेल, धर्मराज आचार्य र सुरेन्द्रबहादुर थापा, अधिवक्ताहरू रामचन्द्र देवकोटा र डा नारायणदत्त कँडेलले बहस गर्नुभएको थियो ।

जिल्ला सरकारी वकिल कार्यालय चितवनले गत मङ्गलबार रविसहित १५ जना विरुद्ध मुद्दा दर्ता गराएको थियो ।

साहारा सहकारीबाट रकम गएका पाँच कम्पनीमा गोर्खा मिडिया नेटवर्क प्रालि, नेचर हर्ब्स इन्टरनेशनल प्रालि, जिवी ग्रुप अफ कम्पनी, स्प्रिङ उड स्टेट हाउजिङ प्रालि र नेचर नेष्ट प्रालि रहेका जिल्ला अदालतका सूचना अधिकारी अमृत विश्वकर्माले जानकारी दिनुभयो । मुद्दा दायर भएका कूल ३२ जनामध्ये १२ जना विरुद्ध ठगी र सङ्गठित अपराधमा र २० जनालाई ठगीमा मुद्दा दर्ता गरिएको छ। हाल जाहरी परेको रकम रु ३८ करोड नौ लाख ७९ हजार एक सय ७७ क्षतिपूर्ति भराउन माग दाबी गरिएको सूचना अधिकारी विश्वकर्माले बताउनुभयो ।

विभिन्न छ वटा कम्पनीहरूबाट साहारा चितवन बहुउद्देश्यीय सहकारीलाई दिलाउने भराउनुपर्ने रकम रु ४३ करोड ३२ लाख सात हजार नौ सय २८ दशमलव ७५ रहेको छ।। व्यक्तिगत रूपमा जीवि राईबाट रु ४१ लाख ३० हजार, असरफअलि सिद्दिकीबाट रु तीन करोड २० लाख र महेन्द्र भोटी भन्ने शिवबहादुर गुरुङबाट रु दुई करोड ६४ लाख भराइनुपर्ने माग दाबी छ।


## डिभिजन वन कार्यालय कास्कीको

**कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१।१०।२५

यस कार्यालयको चालु आर्थिक वर्ष २०८१।२०८२ को वार्षिक स्विकृत कार्यक्रम (संघ सशर्त अनुदान) अनुसार जडीवुटी विकास कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरूमा बजेट विनियोजन भई आएकोले इच्छुक उद्यमी, सामुदायिक वन उपभोक्ता समूह, किसान, कृषक समूह र कृषि वन सहकारी संस्थाले स्वीकृत कार्यसूची (TOR) मा उल्लेखित शर्त बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र डिभिजन वन कार्यालय कास्कीमा कार्यालयद्वारा तोकिएको ढाँचामा अनुदानको लागि प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारी यस कार्यालयको वेवसाईट www:dfokaski.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ।

**तपसिल**

| सि. नं. | कार्यक्रम | अधिकतम बजेट प्रति कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १. | प्राकृतिक रूपमा रहेका जडीवुटी संरक्षण तथा व्यवस्थापन | रु. ८ लाख | |
| २. | पकेट क्षेत्रमा जडीवुटी खेती विस्तार | रु. ५ लाख | |

डिभजनल वन अधिकृत



## Bheerkot Municipality
Bayarghari, Syangja
Gandaki Province, Nepal

## Request for EOI

(Date of publication: 2081/10/25)

1. Bheerkot Municipality, Syangja invites EOI including financial purposal from the qualified firms. The brief descriptions of the procurement is mentioned below.

| S.N. | Description | Contract ID | EOI Document fee | EOI submission deadline (Date and Time) | EOI Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training | BM/HFFSDT/SQ/02/081-82 | 1000 | 2081/11/11 12:00 | 2081/11/11 13:00 |

2. Eligible bidders may obtain further information at the office of Bheerkot Municipality or may Visit official website www.bolpatra.gov.np
3. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Investment Mega Bank Ltd.
   Name of Office: Bheerkot Municipality
   Khata no. 17901400000079 (Internal Revenue Account)
4. Please attach and upload financial proposal in the letterhead with EOI in ppmo.